# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १४-२०८१/०८२

मिति २०८२/०१/१६ गते मंगलबार — समयः दिनको १२:१० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री जगत बहादुर बस्नेत | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**अन्य उपस्थितीः**

श्री जीवन गुरुङ, (जिल्ला तथा स्थानीय ... प्रमुख)

श्री शरद थापा (लेखा अधिकृत)

श्री टिम बहादुर गुरुङ (को.ले)

**देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक**

**मितिः २०८२/०१/१६** **बैठक संख्याः १४-२०८१/०८२**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा।
२. विषयगत समितिहरुको बैठक सम्बन्धमा।
३. योजना प्रगति विवरण सम्बन्धमा।
४. चाँपखोला बगर क्षेत्र (ठेक्का नं. १६/२०८१/०८२) र क्वादी खोला बगर क्षेत्र (ठेक्का नं. १७/२०८१/०८२) को ठेक्का सम्बन्धमा।
५. त्रिशुली नदी सेती भतेरी घाट र त्रिशुली नदी भुवनटार घाटको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन सम्बन्धमा।
६. अन्य विविध।

**निर्णयहरुः**

**निर्णय नं.१ :** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु बारे समीक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडि बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा देवघाट गाउँपालिका अन्तर्गत रहेका विभिन्न विषयगत समितिहरुलाई नियमित बैठक बस। आगामी आ.व.को नीति तथा कार्यक्रम र योजना विनियोजनका लागि राजनितिक दल, वुद्धिजीवी, समाजसेवी संघसंस्था लगायत सरोकारवालाहरुको सुझाव संकलन गर्ने र वडा स्तरबाट प्राप्त मागको आधारमा प्राथमीकरण गरी निर्णय गर्न निर्देशन सहित कार्यान्वयनको प्रकृया अगाडि बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवघाट गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुबाट सञ्चलान भएका आयोज़नाहरुको हालसम्मको प्रगति बारे छलफल गरियो । सो सम्बन्धमा हालसम्म पनि सूचारु नभएका आयोजनाहरुलाई तत्काल सुरु गर्ने र भुक्तानी बाँकी रहेको आयोजनाहरुलाई भुक्तानीको प्रकृयामा अघि बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवघाट गाउँपालिका ठेक्का नं. १६/२०८१/०८२ चाँपखोला बगर क्षेत्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा व्यवस्थापन कार्य र ठेक्का नं. १७/२०८१/०८२ क्वादी खोला बगर क्षेत्र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा व्यवस्थापन कार्यको लागि ठेक्का आह्वान गरी प्रकृया अघि बढाइएकोमा सव-डिभिजन वन कार्यालय, देवघाट तनहुँको मिति २०८२/०१/०३, प.सं. २०८१/०८२ च.नं. ३१९ को सम्बन्धित निकायको सहमति लिई प्रकृया अघि बढाउनुहुन र तत्काल उत्खनन हुन नदिनु भन्न व्यहोराको पत्र प्राप्त भएको र मिति २०८२/०१/०९ गतेको कार्यापालिकाको निर्णयानुसार डिभिजन वन कार्यालय, दमौली तनहुँमा

तिल बहादुर थापा
अध्यक्ष

सहमतिको लागि पत्राचार गरिएकोमा उक्त कार्यालयको मिति २०८२/०१/१४, पत्र संख्या २०८१/०८२ चं. नं. २०७४ को पत्रानुसार उक्त क्षेत्रहरु वन क्षेत्रमा पर्ने भएकोले सहमति उपलब्ध गराउन नसकिने र वन क्षेत्रबाट नदीजन्य पदार्थहरु सङ्कलन गर्ने कार्य नगर्नु नगराउनु हुन भन्ने व्यहोरा जानकारी भएकोले ठेक्का नं. १६/२०८१/०८२ र ठेक्का नं. १७/२०८१/०८२ को सम्पूर्ण ठेक्का प्रकृया रद्द गर्ने र सम्बन्धित फर्म तथा निर्माण व्यवसायीले पेश गरेको धरौटी रकम फिर्ता गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवघाट गाउँपालिका अन्तर्गत वडा नं. ५ स्थित त्रिशुली नदी सेती भतेरी घाट क्षेत्र र भुवनटार घाट क्षेत्रको नदीजन्य पदार्थ उत्खनन्, संकलनको लागि राष्ट्रपित चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार, ललितपुरको मिति २०८२/०१/१४, प.सं. २०८१/०८२, च.नं. ३७४ को पत्रानुसार सहमति उपलब्ध भएको र ठेक्का प्रकृयाको लागि समयको अभाव हुने हुँदा उक्त घाटहरुमा श्रममुलक प्रविधिको प्रयोग गरी अमानतमा मिति २०८२/०१/२१ गते देखि २०८२ जेष्ठ मसान्तसम्मका लागि पालिकाबाट राजस्व संकलन गरी नदीजन्य पदार्थ उत्खनन्, संकलनको घाट खुला गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त घाटमा खटिने कर्मचारीहरुको लागि खाजा खाना वापतको रकम दैनिक रु. ६००/- को दरले उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहाय बमोजिम निर्णयहरु गरियो।

(क) पूर्ण खोप गाउँपालिका घोषणाका लागि देवघाट गाउँपालिका सम्पूर्ण वडाहरुबाट सम्पूर्ण बालबालिकाहरु पूर्ण खोप पुरा गरेको भनी सिफारिस प्राप्त भएकोले पूर्ण खोप गाउँपालिका घोषणाको लागि जिल्ला खोप समन्वय समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

(ख) भूमि समस्या समाधान आयोग जिल्ला समिति, तनहुँको मिति २०८१/१२/२१, प.सं. २०८१/०८२ च.नं. ४१ को पत्रानुसार तनहुँ जिल्ला समिति तनहुँ अन्तर्गतका १० वटै पालिकामा तिव्र गतिमा कार्य संचालन गर्न गईरहेको अवस्थामा जिल्ला समिति तनहुँमा कार्यरत अध्यक्षको कार्यालय क्वाटरमा दैनिक कामकाजको प्रयोगमा आउने विभिन्न सामानहरुको माग भई आएकोमा किचनको सामान ग्याँस चुलो सहित थान १, डायनिङ टेबल र कुर्ची १ सेट, सोफासेट र बेड म्याट्रेस थान १ खरिद गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

(ग) यस देवघाट गाउँपालिका वडा नं. ४ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयबाट श्री सिद्महाकाली माध्यमिक विद्यालय देवघाट-५, तनहुँमा कामकाजमा रहेको प्राथमिक तह तृतीय श्रेणी विशेष राहत (दृष्टिविहिन) अनुदानमा कार्यरत शिक्षकले शिक्षक सेवा आयोगको प्राथमिक तहको २०८१ को परीक्षामा सफल भई स्थायी नियुक्ति भई जानु भएको हँदा उक्त रिक्त विशेष राहत (दृष्टिविहिन) अनुदानलाई यस गाउँ कार्यपालिकाको पुल दरबन्दीमा कायम गरी प्रस्तावित माध्यमिक तह संचालन भएको श्री राष्ट्रिय माध्यमिक विद्यालय देवघाट-४ लाई उक्त प्राथमिक तह तृतीय श्रेणी विशेष राहत (दृष्टिविहिन) अनुदान दिने निर्णय गरियो।

(घ) यस देवघाट गाउँपालिका वडा नं. ३ निवासी जस बहादुर आले मगरको छोरा गोपीलाल आले मगरको दुर्घटना परी देब्रे हात बिग्रिएर अपाङ्गै भएको कारणले हाल पुन: अप्रेशन गर्नुपर्ने भएको र घरको आर्थिक अवस्था कमजोर भएको भनि औषधि उपचारको लागि आर्थिक सहायता माग गरेकोमा आर्थिक सहयोग

खर्च शीर्षकबाट रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ) को दरले आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

(ङ) तनहुँ जिल्ला, आबुँखैरेनी गाउँपालिका वडा नं. १ सत्रसय निवासी बेन बहादुर थापाको छोरा लोक बहादुर थापा (ना.प्र.नं. ३९४) वर्ष ६४ को लोक बहादुर थापाको दुवै मृगौला खराबी, मधुमेह, उच्च रक्तचाप जस्ता रोगहरुबाट बिरामी भई नियमित उपचार तथा औषधि सेवन गर्नुपर्ने भएकोले उपचारमा सहयोगार्थ आर्थिक सहयोगको लागि आबँखैरेनि गाउँपालिकाको सिफारिस प्राप्त भएकोले निज लोक बहादुर थापालाई रु. १०,०००।– (दश हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

(च) यस देवघाट गाउँपालिकाका सामुदायिक विद्यालयहरुबाट प्रतिनिधित्व गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई स्वर्ण, रजत र कास्य पदक प्राप्त विजेता खेलाडी विद्यार्थीहरुलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरी उनिहरुको शैक्षिक स्तर वृद्धि गर्न अभिप्रेरित गर्ने गरी स्वर्ण, रजत र कास्य पदक प्राप्त विजेता हाल विद्यालयमा अध्ययनरत रहेका विद्यार्थीहरुलाई क्रमश रु. ८,०००।-, रु. ५,०००।– र रु. ३,०००।– का दरले जेहेन्दार छात्रवृत्ति शीर्षकबाट छात्रवृत्ति प्रदान गर्ने र प्रशिक्षकहरुलाई रु. ५,०००।– का दरले खेलकुद शीर्षकबाट नगद तथा सम्मान स्वरुप प्रमाण-पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

(छ) यस देवघाट गाउँपालिका वडा नं. ५ स्थित गलेश्वर आश्रम, देवघाट-५, तनहुँको उद्देश्य अनुरुप आध्यात्मिक, धार्मिक, शैक्षिक, सामाजिक एवं परोपकारी सेवामूलक कार्यहरु सम्पादन गर्दै पवित्र तीर्थस्थल देवघाटधाममा परापुर्वकाल देखि संचालनमा रहेको गलेश्वर आश्रमको तीर्थस्थललाई धार्मिक पर्यटनसँग जोड्नको लागि आश्रमले विभिन्न निर्माण कार्यहरुलाई आकर्षणका रुपमा अघि बढाई रहँदा त्यस तीर्थस्थलमा निर्माण गर्न आवश्यक रहको देवघाट गाउँपालिकाको धार्मिक गौरवको रुपमा रहेको गलेश्वर आश्रम अन्तर्गतका तपसिल बमोजिमको निर्माण कार्यहरु सम्पन्न गर्न योजनाको प्राविधिक लागत अनुमान रकम रु. १८,६४,९५,४४९.१९ (अक्षरुपी अठार करोड चौसठ्ठी लाख पन्चानब्बे हजार चार सय उनान्पचास रुपैयाँ पैसा उन्नाइस मात्र ।) तयार भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा कार्यक्रममा पेश भई भारतीय राजदुतावासको आगामी आ.व. २०८२/०८३ को योजनामा समावेश गरिदिनको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| | |
|---|---|
| १. वानप्रस्थी साधना भवन निर्माण | रु. ६,२१,७६,१९०.५१ |
| २. वेदवेदाङ्ग अनुसन्धान केन्द्र भवन निर्माण | रु. ५,३२,६२,०००.५१ |
| ३. कल्पवासी साधक भवन निर्माण | रु. २,०४,०८,०२८.२६ |
| ४. सन्ध्या हल (Meditation Hall) निर्माण | रु. १,६८,३१,७१७.२५ |
| ५. गौशाला भवन निर्माण | रु. ४५,८०,२८३.६२ |
| ६. वेणी देखि गलेश्वर चोकसम्म धार्मिक पथ निर्माण | रु. २,७३,१४,५७३.१० |
| ७. प्रवेशद्वार निर्माण | रु. १९,२२,६६५.९४ |
| **जम्मा** | **रु. १८,६४,९५,४४९.१९** |

ज) देवघाट गाउँपालिका वडा नं. ५ स्थित बज्रयोगिनी माध्यामिक विद्यालयको भवन निर्माण गर्नको लागि डि.पि.आर. गिरएको र भवन निर्माणका लागि भारतीय राजदुतावासमा आवेदन दिन उक्त भवन निर्माण

तिल बहादुर थापा,
अध्यक्ष

CS CamScanner

स्थलको माटो परीक्षण आवश्यक परेको हुँदा उक्त परीक्षण कार्यको लागि अध्ययन, अनुसन्धान, परामर्श शीर्षकबाट आवश्यक रकम रु. ३,५०,०००/- (तीन लाख पचास हजार रुपैयाँ) व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

झ) देवघाट गाउँपालिका वडा नं. ४ सिङ्च्याङ क्यामना भञ्ज्याङ देखि मान्द्रे ढुङ्गा काँफलडाँडासम्मको बाटो बारम्बार पहिरो गइरहने कारण विपद् जोखिम पर्ने हुँदा उक्त क्षेत्रको बाटोलाई दीर्घकालिन रुपमा बाटो टिकाउ हुने गरी निर्माण गर्नको लागि उक्त क्षेत्रमा भू-गर्भविद्हरुले भौगर्भिक अध्ययन गरी कार्य गर्न आवश्यक देखिएकोले उक्त कार्यको लागि विपद् कोष शीर्षकबाट रकम रु. ३ लाख व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

ञ) देवघाट गाउँपालिका वडा नं. ३ को निवेदन अनुसार मनकामना मोटर मार्गबाट सेती नदीसम्म जोड्ने बाटो मर्मत गर्न यस आ.ब. मा कुनै पनि योजना नभएको र वडाको समन्वय मार्फत ४ दिनको लागि निःशुल्क हेभी मेसिन उपलब्ध भएकोले सो कार्यको लागि ५०० लि. ईन्धन उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ट) देवघाट गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराए वापत नर्सिङ कर्मचारीहरुलाई प्रति केश रु. १०००/- को दरले जोखिम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

ठ) देवघाट गाउँपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई मासिक बैठकमा उपस्थित भए वापत मासिक रु. ५०० (पाँच सय) यातायात खर्च र खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो।

ड) देवघाट गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरुमा देवघाट गा.पा. स्थायी ठेगाना भएका नियमित ८ पटक गर्भ जाँच गर्ने गर्भवती र संस्थागत सुत्केरी गराए वापत क्रमश रु. ४०० (चार सय रुपैयाँ) र रु. ५०० (पाँच सय रुपैयाँ) गरी रु. ९०० (नौ सय रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो।

ढ) देवघाट गाउँपालिका वडा नं. १ कालिकाटर निवासी वेश बहादुर राना अचानक वेहोस भई भरतपुर सरकारी अस्पतालमा ICU मा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले अस्पतालको विल भरपाईको आधारमा रु. १०,०००/- (दश हजार) मा नबढ्ने गरी उपचार सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष